मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ४ गते बिहीबार ❑ 20 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गोर्खाली सैनिकको साहस र योगदानको भारतीय सेनाध्यक्षद्वारा प्रशंसा




**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

भारतका स्थलसेनाध्यक्ष धीरज सेठले भारत-नेपाल सैनिक सम्बन्ध ऐतिहासिक र गौरवपूर्ण रहेको बताउनुभएको छ।

पोखरास्थित भारतीय राजदूतावासको पेन्सन वितरण कार्यालयमा बुधबार आयोजित भूतपूर्व सैनिकको भेलामो दुई देशबीचको सैनिक सम्बन्ध अतुलनीय रहेको चर्चा गर्दै उहाँले गोर्खाली सैनिकको साहस र योगदानको खुलेर प्रशंसा गर्नुभयो।

"आफ्नो बहादुरी, बफादारी र बलिदानका कारण गोर्खाली सैनिकको विश्वमा छुट्टै पहिचान छ", भारतीय सेनामा गोर्खाली सैनिकले देखाएको सौर्य अविस्मरणीय रहेको बताउँदै सेनाध्यक्ष सेठले भन्नुभयो। नेपाल भ्रमणमा रहेका जनरल सेठ बुधबार पोखराको रामबजारस्थित भारतीय पेन्सन वितरण कार्यालयमा आयोजित कार्यक्रममा सहभागी भएका बेला भारतीय भूतपूर्व सैनिकहरूले अग्निपथ योजना अन्तर्गत गोर्खा भर्ती खुलाउन पहल गर्न आग्रह गरेका गर्नु भएको हो। भारतीय पूर्वसैनिक कल्याणकारी संघ नेपालका सहअध्यक्ष तथा गण्डकी अध्यक्ष क्याप्टेन गजबहादुर थापाले जनरल सेठसँग प्रत्यक्ष भेट गर्दै नेपालबाट भर्ती रोकिँदा हजारौं नेपाली युवा अवसरबाट वञ्चित भएको गुनासो गर्नुभयो। उनले भर्ती पुनः सञ्चालनका लागि भारतको तर्फबाट पनि नेपाल सरकारसँग आवश्यक समन्वय र पहल गर्न उहाँले आग्रह गर्नुभयो। 'भर्तीबारे हामीले आवाज उठाएका छौं। नेपाल र भारतको मित्रता भइरहनेछ। तपाईंहरूले पनि कुरा गर्नुपर्छ,' थापाले जनरल सेठसमक्ष भन्नुभयो, 'हामीले फाइट गरेका छौं। भर्ती हुनेछ, भर्ती खुल्नेछ।'

नेपाल सरकारले अग्निपथ योजनाका प्रावधानप्रति असहमति जनाउँदै सन् २०२२ यता नेपालबाट भारतीय सेनामा हुने गोर्खा भर्ती रोक्दै आएको छ। भारतले १४ जुन २०२२ देखि लागू गरेको अग्निपथ योजनाअन्तर्गत भर्ती हुने अग्निवीरको सेवा अवधि चार वर्षको हुन्छ। चार वर्षपछि २५ प्रतिशतसम्मलाई स्थायी सैनिकका रूपमा निरन्तरता दिने र बाँकीलाई सेवा निधिसहित अवकाश दिने व्यवस्था छ। यही व्यवस्थाप्रति नेपालले प्रश्न उठाउँदै आएको छ। नेपाल सरकारको अनुमति नहुँदा भारतीय सेनामा नेपाली युवाको परम्परागत गोर्खा भर्तीसमेत रोकिएको छ। त्यसको प्रत्यक्ष असर पोखरा र आसपासका जिल्लासहित नेपालभरका भर्तीका आकांक्षी युवामा परेको भूतपूर्व सैनिकहरूको भनाइ छ। क्याप्टेन थापाले भर्ती पुनः सञ्चालन भए बेरोजगार नेपाली युवाले सैन्य अनुभवसँगै आर्थिक अवसर पाउने र देशमा रेमिट्यान्ससमेत भित्रिने बताउनुभयो। 'भर्ती खुल्ने हो भने धेरै बेरोजगार युवाले छोटो समय भए पनि सेवा गर्छन्। उनीहरूले पैसा मात्रै होइन, अनुभव पनि बटुल्छन्, जुन अनुभव पछि नेपालसहित अन्य देशमा समेत उपयोग गर्न सक्छन्,' उहाँले भन्नुभयो, 'भर्ती रोकिँदा अहिले धेरै युवा खाडी मुलुकतर्फ पलायन भइरहो छन्। नेपालले अग्निपथ योजनामा नेपाली युवालाई पठाउने वातावरण बनाउनुपर्छ।' भूतपूर्व सैनिकहरूले भर्ती खोल्न आग्रहसँगै पेन्सनसम्बन्धी समस्या समाधानका लागि समेत भारतीय सेना प्रमुखको ध्यानाकर्षण गराएका छन्। कागजातमा नाम, थर वा विवरण नमिलेका कारण नेपालमा हजारौं भूतपूर्व सैनिकका श्रीमती तथा परिवारले पेन्सन पाउन नसकेको उहाँहरुको गुनासो छ। थापाका अनुसार कागजातमा सामान्य त्रुटि देखाएर विभिन्न निकायबाट थप कागजपत्र माग्ने क्रमका कारण कतिपय परिवार लामो समयदेखि पेन्सनबाट वञ्चित छन्। उहाँले स्थानीय प्रशासनबाट एउटै व्यक्ति भएको प्रमाणित गरिएका अवस्थामा फोटो, अनुहार वा औंठाछापको आधारमा समेत पहिचान पुष्टि गरी पेन्सन उपलब्ध गराउने व्यवस्था मिलाउन जनरल सेठसँग आग्रह गर्नुभयो। जनरल सेठले भूतपूर्व सैनिकहरूको समस्या चासोपूर्वक सुन्नु भएको थियो। उहाँले भूपू सैनिक र उनीहरूका परिवारको कल्याण तथा सेवासुविधाका लागि भारतीय सेनाले सक्दो सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पोखराबाट मात्रै भारतीय सेनाबाट पेन्सन बुझ्ने भूतपूर्व सैनिक तथा परिवारका सदस्यको संख्या ६० हजारभन्दा बढी रहेको बताइएको छ। नेपालभर यस्तो संख्या करिब १ लाख २० हजार रहेको भूतपूर्व सैनिकहरूको भनाइ छ। कार्यक्रममा कीर्ति चक्रबाट क्याप्टेन दिलबहादुर थापा तथा शौर्य चक्रबाट क्याप्टेन केशबहादुर क्षेत्रीलाई सम्मान गरिएको थियो।

त्यसैगरी चुमनसिंह गुरुङ, रामप्रसाद गुरुङ, कृष्णबहादुर क्षेत्री, गणेशबहादुर याख्खा लिम्बू, शुभराज राई, मीनबहादुर गुरुङ र होबिर सेनलाई सेना मेडल प्रदान गरिएको थियो। विशेष सेवा मेडलबाट क्याप्टेन ठाकुरप्रसाद पौडेल सम्मानित हुनुभयो। लामो समय भारतीय सेनामा सेवा गरेका नौ जना वरिष्ठ भूतपूर्व सैनिकलाई 'योद्धा सेवा सम्मान' प्रदान गरिएको थियो। विभिन्न युद्ध तथा सैन्य अभियानमा ज्यान गुमाएका सैनिकका १० जना श्रीमती तथा आमालाई 'वीरनारी'का रूपमा सम्मान गरिएको थियो। घाइते आठ जना भूतपूर्व सैनिकलाई मोबिलिटी स्कुटर समेत प्रदान गरिएको थियो।

## गण्डकी प्रदेशको आन्तरिक राजस्व संकलन लक्ष्यको ७२ प्रतिशत

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

गण्डकी प्रदेश सरकारले गत आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक राजस्व सङ्कलनतर्फ निर्धारित लक्ष्यको ७२ दशमलव ८७ प्रतिशत मात्रै प्रगति हासिल गरेको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाका अनुसार गत आर्थिक वर्षमा रु चार अर्ब १७ करोड ८८ लाख ११ हजार राजस्व सङ्कलन गरेको छ। प्रदेश सरकारले रु पाँच अर्ब ७३ करोड ४३ लाख ८८ हजार आन्तरिक राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। सबैभन्दा बढी सवारीसाधन करतर्फ रु एक अर्ब २० करोड ६९ लाख १६ हजार अर्थात् लक्ष्यको ८७ दशमलव ४६ प्रतिशत राजस्व सङ्कलन भएको छ। यस शीर्षकमा रु एक अर्ब ३८ करोडको लक्ष्य राखिएको थियो। यस्तै, घरजग्गा रजिस्ट्रेसनबाट रु ९१ करोड ३७ लाख ३४ हजार राजस्व सङ्कलन भएको छ। यस्तै, विज्ञापन कर सङ्कलन उत्साहजनक देखिएको छ। रु २२ लाख ७८ हजार लक्ष्य राखिएको यस शीर्षकमा रु ३२ लाख दुई हजार सङ्कलन भएको छ। कृषि आयमा लाग्ने करमा भने लक्ष्यको २१ दशमलव ४८ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ। रु २० लाख लक्ष्य राखिएकामा रु चार लाख ९५ हजार मात्रै सङ्कलन भएको छ। पर्यटन तथा पदयात्रा शुल्कबाट रु १४ लाख ६९ हजार अर्थात् लक्ष्यको २४ दशमलव ६९ प्रतिशत मात्रै प्राप्त भएको छ। ढुङ्गा, गिट्टी, बालुवालगायत नदीजन्य पदार्थको बिक्रीबाट रु. १९ करोड ७२ लाख ३४ हजार, मनोरञ्जन करतर्फ रु ३४ लाख ४५ हजार र यातायात क्षेत्रको अन्य आम्दानीबाट रु ५५ करोड ४० लाख ५३ हजार राजस्व सङ्कलन भएको छ। केही क्षेत्रको राजस्व सङ्कलन कमजोर रहे पनि प्रमुख शीर्षकमा भएको उल्लेख्य वृद्धिका कारण प्रदेशको समग्र आन्तरिक राजस्व सङ्कलन सन्तोषजनक रहेको उपाध्यक्ष डा देवकोटाले जानकारी दिनुभयो।

## एक महिनामा ६७ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

कास्कीमा गत साउन महिनामा ६७ जना फरार प्रतिवादी पक्राउ परेका छन्। विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका ५८ पुरुष र नौ जना महिलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

पक्राउ परेका प्रतिवादीलाई कैद सजाय र जरिवाना असुलका लागि अदालतमा बुझाइएको प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो। प्रतिवादीहरूबाट आठ वर्ष सात महिना ११ दिन कैद र रु ३७ लाख ९६ हजार ५२० बिगो असुल उपर भएको उहाँको भनाइ छ। चेक अनादर, बिगो लेनदन, बैङ्किङ कसुर, सवारी ज्यान कसुर, अभद्र व्यवहारलगायत कसुरमा अदालतको फैसलाबाट दोषी ठहर भई फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीले पछिल्लो समय फरार प्रतिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सक्रियता बढाएको छ। कार्यालयले गत महिना चालु मुद्दामा १८१ जनालाई पक्राउ गरिएको जनाएको छ।

साउनमा अपराधसँग सम्बन्धित १६८ वटा मुद्दा दर्ता भएका थिए। तीमध्ये जघन्य तथा गम्भीर अपराधका २०, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराधका १३, आर्थिक अपराधका ५३ र अन्य अपराधसँग सम्बन्धित ८२ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

## बगेर बेपत्ता भएका दुई किशोरको शव फेला

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

पोखराको विजयपुर खोला तर्ने क्रममा गत साउन ३० गते बगेर बेपत्ता भएका दुई किशोरको शव भेटिएको छ।

सुरक्षाकर्मीले गोताखोरसहित विभिन्न विधि प्रयोग गरी खोजी गर्ने क्रममा पोखरा-१४ चाउथेका १५ वर्षीय ओमन राईको शव तनहुँको शुक्लागण्डकी नगरपालिका-८ पुल्चोकस्थित सेती नदी किनारमा आज भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

यसअघि अर्को बेपत्ता स्याङ्जा स्थायी घर भई पोखरा-१४ छिनेडाँडा बस्ने १४ वर्षीय निक्सन गुरुङको शव मङ्गलबार घटनास्थलभन्दा डेढ किमी तल खोलाको बीचमा ढुङ्गाले अड्किएको अवस्थामा फेला परेको थियो।

सेती नदीमा खोजी गर्ने क्रममा तनहुँमा भेटिएको राईको शव आमाले सनाखत गरेपछि परीक्षणका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा ल्याइएको सहायक प्रजिअ बरालले बताउनुभयो। साथीहरूसँग फुटबल खेल्न विजयपुर खोला तरेर पोखरा-२६ सक्नेरी जाने क्रममा दुवै जनालाई खोलाले बगाएको थियो।

### सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मन्त्रीबीच विवाद छैन, हेरफेरको तयारी पनि छैन: सभापति लामिछाने

**रासस**
काठमाडौं, ३ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले मन्त्रिपरिषद्का सदस्यबीच कुनै विवाद नरहेको र मन्त्री हेरफेर गर्ने तयारी पनि नभएको बताउनुभएको छ।

बुधबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा मन्त्री तथा सांसदहरूसँगको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले कुनै मन्त्रालय वा मन्त्रीले गरेका काममध्ये केहीमा प्रश्न उठ्नु स्वाभाविक भएको बताउनुभयो। प्रश्न उठेकै आधारमा त्यसलाई असहज रूपमा लिन नहुने उहाँको भनाइ थियो। सभापति लामिछानेले रास्वपाभित्र प्रश्न गर्ने र कमजोरीबारे छलफल गर्ने परिपाटी रहेको बताउँदै त्यसैलाई सम्बोधन गर्न सांसद र मन्त्रीबीच छलफल गरिएको स्पष्ट पार्नुभयो। फरक प्रसङ्गमा खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन सरकार लागिरहेको उहाँले बताउनुभयो। त्यसका लागि प्रमुख

बाँकी अन्तिम पृष्ठमा ▶▶



# दुध उत्पादकलाई प्रतिलिटर पाँच रुपैयाँ अनुदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३ भदौं

भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय स्याङ्जाले दुध उत्पादक किसानलाई प्रतिलिटर पाँच रुपैयाँ अनुदान दिएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा प्रतिलिटर पाँच रुपैयाँ अनुदान उपलब्ध गराएको कर्यालयले झण्डै १० लाख रुपैयाँ नगद अनुदान वितरण गरेको हो ।

सरकारीमा आबद्ध भैसी तथा गाईपालक किसानलाई उत्पादन र बिक्रीको तथ्यांकका आधारमा दुधमा अनुदान दिएको सेवा कार्यालयका प्रमुख डा.रुपेश श्रेष्ठले जानकारी दिए । झण्डै एक लाख ९६ हजार ८४६ लिटर दुध उत्पादन गरेका सहकारीका किसानलाई करिब १० लाख नगद अनुदान वितरण गरेको प्रमुख डा.श्रेष्ठले जानकारी दिए ।

भीरकोट नगरपालिका-१ वयरघारीस्थित भीरकोट दुग्ध उत्पादक सहकारीलाई एक लाख २६ हजार २९ लिटर दुध उत्पादन गरेवापत ६ लाख ३० हजार १४५ रुपैयाँ र चापाकोट नगरपालिका-८ क्वामीको रत्नपुर साना किसान सहकारीलाई ७० हजार ८१७ लिटर दुध उत्पादनसँगै बिक्री गरेवापत तीन लाख ५४ हजार ८५ रुपैयाँ गरी ९ लाख ८४ हजार २३० रुपैयाँ अनुदान दिइएको छ ।

कार्यालयले दुध उत्पादक किसानसहित पशु विकास प्रवर्द्धन, बाख्रा तथा भेडा, माछापालन र नश्ल सुधार कार्यक्रमका विभिन्न शीर्षकमा एक करोड २८ लाख ६७ हजार दुई सय रुपैयाँ अनुदान दिएको छ । बृहत्तर पशु विकास प्रवर्द्धनअन्तर्गत नयाँ खोर, तारबार, टाट्नो निर्माण, बोका खरिद र यान्त्रिकरण सहयोगमा कालीगण्डकी गाउँपालिका-१ र २ का कालीगण्डकी कृषि उद्यमी महिला सहकारी संस्थालाई ८ लाख ४६ हजार ७३९ रुपैयाँ अनुदान दिएको कार्यालयले जनाएको छ । त्यस्तै भीरकोट नगरपालिका-२ को बलामडाँडास्थित शान्ती कृषि तथा पशुपंक्षी कृषक समुहलाई ८ लाख ११ हजार ३४ रुपैयाँ, बानेथोक देउराली बाख्रापालन समुहलाई ८ लाख ८८ हजार ९२४ रुपैयाँ, फेदीखोला गाउँपालिका-४ छेलो हाल्ने महिला कृषक समुहलाई ८ लाख ४२ हजार २३१ रुपैयाँ अनुदान दिएको कार्यालयका सूचना अधिकारी नरेन्द्र कुमार राईले बताए । कालीगण्डकी कोरीडोर केन्द्रित पशुपंक्षी तथा मत्क्ष्य उत्पादन तथा प्रवर्द्धनमा गोठ तथा भकारो सुधारका लागि पकवादी कृषि सहकारी संस्थालाई १७ लाख ४० हजार ७३० रुपैयाँ र आमा बहुउद्देश्यीय सहकारी संस्थालाई १७ लाख ६२ हजार ४४१ रुपैयाँ नगद अनुदान दिइएको छ । त्यस्तै कार्यालयले व्यावसायिक ब्लक विकास कार्यक्रमअर्न्तगत हरिनास गाउँपालिका-४, ५, ६ र ७ को सूर्यमुखी बाख्रापालन कृषि समुहलाई २७ लाख ८७ हजार ३०२ रुपैयाँ नगद अनुदान दिएको छ । उत्पादन र आवश्यकताका आधारमा अनुदान, कृषि ऋण र सहुलियत दिए पनि खासगरी उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण गर्न कार्यालयलाई किसानले आग्रह गरेका छन् । अनुदानको सट्टा बजारीकरणमा सहयोग गरे उत्पादनले दिगोपन, स्थायी र निरन्तरतासँगै रोजगारी सृजना गर्नेमा उनीहरुको विश्वास छ ।

# मगर भाषा प्रशारण दिवसको अवसरमा पत्रकारद्वय मीना र मनसुधन सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं





रेडियो नेपालबाट पहिलोपटक मगर भाषामा समाचार प्रसारण भएको दिनलाई स्मरण गर्दै आयोजित कार्यक्रममा पत्रकार मीनाकुमारी थापामगर र मनसुधन थापामगर सम्मानित भएका छन् ।

नेपाल मगर पत्रकार संघ, कास्कीद्वारा पोखरा महानगरपालिका-२१ ठूलीस्वाँरामा आयोजित '३२ औं मगर प्रसारण दिवस, सम्मान तथा अन्तरक्रिया कार्यक्रम' मा पत्रकारद्वय थापामगरलाई सम्मान गरिएको हो । दुवै जना सम्मानित पत्रकारले पोखरामा रहेर मगर भाषाको समाचार पढ्ने तथा कार्यक्रम सञ्चालन गरेका थिए । अहिले मिना पोखराबाट र मनसुधन बेलायतबाट पत्रकारितामा निरन्तर लागिरहेका छन् । उनीहरुलाई गण्डकी प्रदेश सभा सदस्य सदस्य राजकुमारी भुजेल, नेपाल मगर पत्रकार संघका उपाध्यक्ष एमबी आस्थामगर, उपमहासचिव रुद्र श्रीसमगर, नेपाल मगर संघका उपाध्यक्ष हर्क आलेमगरलगायतले सम्मान पत्र, माला र खादाले सम्मान गरेका हुन् ।

कार्यक्रममा सांसद भुजेलले नेपालका आदिवासी जनजाति संस्कार र संस्कृतिमा धनी भएको स्मरण गरिन् । आदिवासी जनजातिको भाषा र संस्कार तथा संस्कृति हराएमा उनीहरुको अस्तित्व नै खतरामा पर्ने बताइन् । 'हाम्रो भाषा, रीतिरिवाज, संस्कृति हराएमा हामी आफैं हराएर जाने अवस्था सिर्जना हुनेछ ।' कार्यक्रममा उनले भनिन्, ' त्यसैले नयाँ पुस्तालाई समेत हाम्रो संस्कार र संस्कृतिको विषयमा जानकारी गराउनु आवश्यक छ ।' भाषा र संस्कार जोगाउनु कुनै एक व्यक्तिको जिम्मेवारी नभएर उक्त समुदायका सम्पूर्ण व्यक्तिको भएको उनको भनाई छ । कार्यक्रममा उनले वडा नम्बर २१ लाई आफूले सकेको सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेकी छिन् । सम्मानित व्यक्तित्व मीनाकुमारी थापामगरले आफूले प्राप्त गरेको यो पुरस्कार सम्मान मात्र नभएर मगर भाषा तथा संस्कृतिको क्षेत्रमा आफूले पुऱ्याएको योगदानको कदर भएको बताइन् । यो सम्मानले आफ्नो भाषा र संस्कृतिको क्षेत्रमा अझै योगदान पुऱ्याउनुपर्छ भन्ने प्रोत्साहन मिलेको उनको भनाई थियो । आफ्नो क्षेत्रबाट भाषा र संस्कृति जोगाउन सबैले योगदान पुऱ्याउनु आजको आवश्यकता भएको उनले कार्यक्रममा जोड दिएकी छिन् । पोखरा २१ का वडा सदस्य कृष्णबहादुर राना मगरले मगर समुदायका व्यक्तिहरु आफ्नै समुदायगत कार्यक्रममा समेत सहभागी नहुनु निकै दुखद विषय भएको बताए । मगर समुदाय नेपालको जनगणना अनुसार तेस्रो नम्बरमा रहेको भएपनि कुनै जाति विषेश चाडपर्वमा बिदा नदिदा आफूलाई दुख लागेको बताउँदै यो विषयमा सरकारले ध्यान दिनु आवश्यक रहेकोमा उनले कार्यक्रममा जोड दिएका छन् ।

नेपाल मगर पत्रकार संघ कास्कीका अध्यक्ष सुरज थापा मगरको अध्यक्षतामा भएको कार्यक्रम संस्थाकी सदस्य गिता राना मगरले सञ्चालन गरेकी थिइन् । कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय भाषिक उपाध्यक्ष हर्क आले मगर, नेपाल मगर पत्रकार संघका केन्द्रीय उपाध्यक्ष एमबी आस्थामगर तथा केन्द्रीय उपमहासचिव रुद्रबहादुर श्रीषमगर, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ गण्डकी प्रदेशका उपाध्यक्ष धनबहादुर गुरुङ 'सुमन', ठूलीस्वाँरा उज्जवल तथा सामाजिक सेवा आमा समूहकी अध्यक्ष रोशनी रानामगर, ठूलीस्वाँरा टोल विकास समितिका अध्यक्ष नरबहादुर रानामगर लगायतले मातृभाषाको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए । वि.सं २०५१ साल भदौ १ गते रेडियो नेपालबाट पहिलोपटक मगरलगायत विभिन्न ८ मातृभाषामा समाचार प्रसारण भएको थियो । सोही दिनलाई स्मरण गर्दै नेपाल मगर पत्रकार संघ कास्कीले यो पुरस्कार प्रदान गर्दै आइरहेको छ । यसभन्दा अगाडि उक्त सम्मानबाट पत्रकारद्वय हर्क आलेमगर तथा खेम सारु मगर सम्मानित भइसकेका छन् ।

# मुस्ताङको लोमाङथाङमा हुने 'टि फर क्लाइमेट' नेपाल मास्टर गल्फ प्रतियोगितामा ५० जना खेलाडी सहभागी हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

विश्वकै सर्वाधिक उचाइमा रहेको मुस्ताङ गल्फ कोर्षमा 'टप अफ द वर्ल्ड गल्फ क्लासिक'को पाँचौं संस्करण यही भदौं १५ गते हुने भएको छ ।

प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको मुस्ताङ गल्फ कोर्षका प्रबन्ध निर्देशक इन्द्रधारा विष्टले बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी गराउनु भएको हो । यस वर्षको प्रतियोगिता विगतका संस्करणभन्दा फरक अवधारणामा आयोजना गर्न लागिएको विष्टले जानकारी दिनुभयो । प्रतियोगितालाई 'टि फर क्लाइमेट' शीर्षक दिइएको छ । विश्वकै अग्लो स्थानबाट जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असरबारे विश्व समुदायलाई सन्देश दिने उद्देश्यले प्रतियोगितालाई 'टि फर क्लाइमेट' नाम दिइएको उहाँले बताउनुभयो । "हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर कुन हदसम्म परेको छ भन्ने विषयमा विश्व समुदायको ध्यानाकर्षण गराउनु प्रतियोगिताको मुख्य उद्देश्य हो," विष्टले भन्नुभयो । यस वर्षको प्रतियोगितामा सन् २०२६ मा नेपालका उत्कृष्ट पाँच प्रोफेसनल गल्फरबीच विशेष प्रतिस्पर्धा पनि गराइने भएको छ । उक्त प्रतिस्पर्धामा प्रथम हुने खेलाडीलाई 'नेपाल मास्टर' घोषणा गर्दै ७५ हजार रुपैयाँ नगदसहित 'मास्टर कोट' प्रदान गरिनेछ । दोस्रो हुने खेलाडीले ५० हजार रुपैयाँ तथा तेस्रो, चौथो र पाँचौं हुने खेलाडीले जनही २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । एमेच्योरतर्फ भने १० जना महिला र ४० जना पुरुष गरी ५० जना खेलाडीले सहभागिता जनाउनेछन् । प्रतियोगिताको अर्को प्रमुख उद्देश्य मुस्ताङ गल्फ कोर्षलाई आधिकारिक रूपमा गिनिज वर्ल्ड रेकर्डमा दर्ता गराउनु रहेको विष्टले बताउनुभयो । गिनिज रेकर्डका लागि आवश्यक प्रारम्भिक आधार र प्रमाणहरू तयार भइसकेको तथा गिनिज वर्ल्ड रेकर्डको टोलीसँग इमेलमार्फत नियमित संवाद भइरहेको उहाँको भनाइ छ । गिनिजको टोली नेपाल आएर प्रक्रिया अघि बढाउन सकारात्मक रहे पनि समय र कार्यतालिका नमिलेका कारण यसपटक उनीहरूको प्रत्यक्ष सहभागिता सम्भव नभएको विष्टले बताउनुभयो । यसै संस्करणमा समावेश गरिएको प्रोफेसनल गल्फरहरूको प्रतिस्पर्धाले गिनिज रेकर्डको दाबी प्रक्रियालाई थप बलियो बनाउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रतियोगिता स्टेबलफोर्ड ढाँचामा खेलाइनेछ । प्रतियोगितामा विजेता, उपविजेता, बेस्ट ग्रस, लेडी विजेता, क्लोजेस्ट टु द पिन, लङ्गेस्ट ड्राइभ र सिनियर विजेतालगायत विधामा ट्रफी प्रदान गरिनेछ । विगतका संस्करणमा जस्तै यसपटक पनि होल इन वन गर्ने खेलाडीलाई रैथाने घोडा पुरस्कारस्वरूप प्रदान गरिने भएको छ । गल्फ खेलमा अनौठो र मौलिक पुरस्कारका रूपमा परिचित यो पुरस्कारलाई यस वर्ष पनि निरन्तरता दिइएको विष्टले बताउनुभयो । मुस्ताङ गल्फबाट प्रदान गरिने ट्रफीहरू नेपालकै पाटनमा उत्पादन गरिएको सामग्रीलाई प्रोत्साहन गर्दै तयार पारिएको उहाँले जानकारी दिनुभयो । प्रतियोगितालाई लोमान्थाङ गाउँपालिका, प्रभु बैंक, सिटी एक्सप्रेस मनी ट्रान्सफर, माछापुच्छ्रे बैंक, एक्सट्रिम इनर्जी, सोनम गियर, कोरियन सोउल फुड, सोल्टी पानी, माउण्टेन हार्ड एण्ड वेयर, गोर्खा हिल्स, द क्लिफ (कुस्मा बञ्जीजम्प) र अतिथि रिसोर्ट लगायतले सहयोग गरेका छन् । प्रतियोगितामा सहभागी हुने खेलाडीहरू आफ्नै खर्चमा मुस्ताङ पुगेर प्रतिस्पर्धामा सहभागी हुने विष्टले बताउनुभयो ।

# कुँडहर समाज सेवा समितिको अध्यक्षमा पुनः दया बराल

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं



पोखरा महानगरपालिका वडा नं. १० र १२ मा क्रियाशील कुँडहर समाज सेवा समितिको १८औं साधारण सभा तथा १० औं अधिवेशनले दया बराललाई सर्वसम्मत रूपमा पुनः अध्यक्षमा चयन गरेको छ ।

नयाँ नेतृत्व चयनसँगै समितिले सामाजिक एकता, विकास र सेवामूलक कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । हालै सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा विक्रम रायमाझी, सचिवमा सुरेन्द्रविनोद खनाल, सहसचिवमा गौतमबहादुर थापा र कोषाध्यक्षमा देवकी रायमाझी निर्वाचित भएका छन् । त्यसैगरी, कार्यसमिति सदस्यहरूमा शिव केसी, खिमकुमारी थापा, सन्तोष थापा र पदमबहादुर खत्री चयन भएका छन् । कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिका वडा नं. १० का वडा सदस्य पूर्णचन्द्र न्यौपानेले गरेका थिए । उनले सामाजिक संस्थाहरू समुदायको विकासका महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यस्ता संस्थाले समाजलाई एकताबद्ध बनाउने कार्य गरिरहेको बताए । अधिवेशनका अवसरमा समाजसेवामा उल्लेखनीय योगदान पुऱ्याएको भन्दै लालीगुराँस टोल विकास संस्थाका अध्यक्ष डम्बरबहादुर बेहरा र समाजसेवी देवलाल केसीलाई सम्मान गरिएको थियो। सम्मान कार्यक्रमले समाजमा योगदान दिने व्यक्तिहरूको कार्यप्रति सम्मान र प्रेरणाको भावना अभिवृद्धि गरेको सहभागीहरूले बताएका थिए । अधिवेशनलाई निष्पक्ष र व्यवस्थित बनाउन तीन सदस्यीय निर्वाचन मण्डल गठन गरिएको थियो । निर्वाचन संयोजकमा शिवबहादुर बराल तथा सदस्यहरूमा प्रेमबहादुर थापा र शान्तबहादुर थापा रहेका थिए । समितिका अध्यक्ष दया बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समितिका निवर्तमान अध्यक्ष शान्तबहादुर थापा, नेपाल परिवार नियोजन संघ कास्कीका अध्यक्ष नवीन सिग्देल, समाजसेवी शिवबहादुर बराललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन समितिका सचिव विक्रम रायमाझीले गरेका थिए। नयाँ नेतृत्व चयनसँगै कुँडहर समाज सेवा समितिले आगामी दिनमा सामाजिक सद्भाव, सरसफाई, सचेतनामूलक कार्यक्रम, विकास र सेवामूलक गतिविधिलाई अझ सशक्त रूपमा अघि बढाउने विश्वास व्यक्त गरिएको छ ।

# मन्त्रीको ...

जिल्ला अधिकारी (सिडिओ)को कार्यालय तथा डिलरलाई सक्रिय बनाएर आपूर्ति र वितरणको अवस्था अनुगमन गर्ने तथा समस्या समाधानको प्रयास भइरहेको जानकारी दिनुभयो ।

# सेवाग्राहीको भीड व्यवस्थापन गर्न 'स्मार्ट टोकन' प्रणाली

**पोखरापत्र संवाददाता**
दमौली, ३ भदौं

जिल्ला प्रशासन कार्यालय तनहुँले सेवाग्राहीको भीड व्यवस्थापन तथा सेवा प्रवाहलाई थप सहज र व्यवस्थित बनाउन स्क्रिनसहितको नयाँ टोकन प्रणाली सञ्चालनमा ल्याएको छ । कार्यालयले सोमबारदेखि नयाँ प्रणालीमार्फत राष्ट्रिय परिचयपत्र, राहदानी, नागरिकता तथा नागरिकताको प्रतिलिपिलगायतका सेवा प्रवाह सुरु गरेको हो । नयाँ टोकन प्रणाली लागू भएसँगै सेवा लिन आउने सेवाग्राहीले घण्टौंसम्म कार्यालयको लाइनमा बसेर आफ्नो पालो कुर्नुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ । सेवाग्राहीले टोकन लिएपछि आफ्नो पालो नआएसम्म कार्यालय परिसरमै लामो समय बसिरहनु नपर्ने गरी प्रणाली विकास गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले नयाँ प्रणालीको मुख्य उद्देश्य सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउनुका साथै कार्यालयमा हुने भीडभाड व्यवस्थापन गर्नु भएको बताउनुभयो ।

"सेवा लिन आउने सेवाग्राहीले टोकन लिएपछि आफ्नो पालो नआएसम्म घण्टौं कार्यालयमै बसेर कुर्नुपर्ने अवस्था नहोस् भनेर नयाँ प्रणाली सञ्चालनमा ल्याएका हौं," उहाँले भन्नुभयो, "टोकन लिएपछि 'क्युआर कोड स्क्यान' गरेर मोबाइलबाटै आफ्नो पालोको अवस्था हेर्न सकिने व्यवस्था गरिएको छ ।" नयाँ टोकनमा क्युआर कोड राखिएको छ । सेवाग्राहीले टोकनमा रहेको क्युआर कोड आफ्नो मोबाइलबाट स्क्यान गरेपछि आफ्नो टोकन नम्बरको अवस्था हेर्न सक्नेछन् ।

मोबाइलबाटै आफ्नो टोकन नम्बरभन्दा अगाडि कति जनाको पालो गइसकेको छ, अहिले कुन नम्बरमा सेवा दिइँदैछ र आफ्नो पालो नजिक आइपुगेको छ कि छैन भन्ने जानकारी लिन सकिने व्यवस्था गरिएको छ । यसले सेवाग्राहीलाई आफ्नो पालोको अवस्थाबारे जानकारी लिन पटक-पटक सेवा कक्षमा पुग्नुपर्ने अवस्थासमेत हटाउने कार्यालयको अपेक्षा छ ।

प्रजिअ तिवार ीका अनुसार सेवाग्राहीले टोकन लिएपछि आफ्नो पालोअनुसार समय व्यवस्थापन गर्न सक्नेछन् । नजिकै घर भएका सेवाग्राही आवश्यक परे घरमै गएर बस्न सक्नेछन् भने बजार वा अन्य क्षेत्रमा रहेका सेवाग्राहीले समेत मोबाइलबाट आफ्नो पालो हेर्दै अन्य काम गर्न सक्नेछन् । "कसैको घर नजिकै छ भने टोकन लिएर घरमै बसेर आफ्नो पालो हेर्न सक्नुहुन्छ । बजारतिर जानुपर्ने भए पनि आफ्नो मोबाइलबाट टोकनको अवस्था हेर्न सकिने भएकाले खाजा खान वा अन्य काम गर्न जान सकिन्छ," तिवारीले भन्नुभयो । जिल्ला प्रशासन कार्यालयले हाल राष्ट्रिय परिचयपत्र, राहदानी, नागरिकता र नागरिकताको प्रतिलिपि सेवामा टोकन प्रणाली लागू गरेको छ ।




# सम्पादक श्रेष्ठलाई पक्राउ नगर्न अन्तरिम आदेश

**रासस**
काठमाडौं, ३ भदौं

उच्च अदालत पाटनले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई पक्राउ वा धरपकड गर्ने कार्य नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश अच्युत कुइँकेलको एकल इजलासले आज उक्त कार्य नगर्न नगराउन अन्तरिम आदेश दिएको हो । आदेशमा भनिएको छ, "मिति २०८३/०४/२७ मा प्रकाशित समाचारका विषयमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई धरपकड गर्ने, पक्राउ गर्ने, थुनामा राख्नेलगायतका कार्य नगर्नू, नगराउनू ।" आदेशमा प्रकाशित समाचारका विषयमा प्रेस काउन्सिलमा उजुरी परी कारबाहीयुक्त अवस्थामा रहेको भन्ने उल्लेख भएको र उक्त उजुरीको टुङ्गो नलागेको अवस्था हुँदा एवं नेपालको संविधानको धारा १७ मा प्रत्याभूत विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं धारा १९ मा सञ्चारको हक समेत प्रत्याभूत गरेको उल्लेख छ । यसअघि, यही भदौ १ गते पत्रकार श्रेष्ठलाई सर्वोच्च अदालतले थुनामुक्त गर्ने आदेश दिएको थियो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# राप्रपा केन्द्र प्रदेश विवाद

बागमती प्रदेश सरकार निर्माणको विषयलाई लिएर राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मा किचलो उत्पन्न भएको छ। नेकपा एमालेका किरण थापालाई मुख्यमन्त्री बनाउन प्रदेश सभा संसदीय दलले सहमति प्रदान गरेपछि राप्रपा केन्द्र र प्रदेश विवाद सतहमा आएको छ। बागमती प्रदेशमा नयाँ सरकार बनाउन राप्रपा संसदीय दलले समर्थन जनाएको छ।राप्रपा केन्द्रले सरकार बनाउने अंक गणितमा सामेल नहुने निर्णय गरेको थियो । केन्द्रले हस्तक्षेप गरेर निर्देशन दिएपछि संसदीय दलको स्वायत्तताको विषय थप पेचिलो बनेको छ। राप्रपा केन्द्रीय समितिले बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई पत्र पठाउँदै एमालेका किरण थापालाई मुख्यमन्त्रीमा दाबी पेस गर्दा राप्रपा सांसदहरूको समर्थन रहेको भनी बुझाइएको पत्रलाई मान्यता नदिन आग्रह गरेको छ।

राप्रपाका महामन्त्री एवं सचिवालय प्रमुख राजेन्द्र गुरुङले हस्ताक्षर गरेको पत्रमा पार्टीको २०८३ वैशाख २० गते बसेको कार्यसम्पादन समिति बैठकले तत्कालीन परिस्थितिमा राप्रपा कुनै पनि प्रदेश सरकारको सत्ता राजनीतिको गणितीय चलखेलमा सहभागी नहुने निर्णय गरेको उल्लेख छ । केन्द्रीय कार्यालयले प्रदेश प्रमुखलाई पठाएको पत्रमा पार्टीको कुनै निर्णय र निर्देशनबिना बागमती प्रदेशसभामा नेकपा एमालेका किरण थापालाई मुख्यमन्त्रीमा राप्रपाका सदस्यहरूको समर्थन रहेको भनी बुझाइएको पत्रमा राप्रपाको सहमति नरहेको स्पष्ट पारेको छ । केन्द्रीय समितिले उक्त पत्रलाई मान्यता प्रदान नगर्न प्रदेश प्रमुखसँग आग्रह गरेको छ।

केन्द्रले पार्टीको निर्णयविपरीत प्रदेश संसदीय दलबाट भएको समर्थनलाई औपचारिक रूपमा अस्वीकार गरेपछि बागमतीमा राप्रपाको १२ सांसदको समर्थनलाई लिएर नयाँ राजनीतिक प्रश्नसमेत खडा भएको छ । यसअघि राप्रपा केन्द्रले बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापालाई पार्टीको निर्देशनबिना सरकार गठन वा सत्ता समीकरणसँग सम्बन्धित गतिविधिमा संलग्न नहुन निर्देशन दिएको थियो । केन्द्रको उक्त निर्देशनकै बीच प्रदेश संसदीय दलले एमाले–नेकपा गठबन्धनलाई समर्थन गर्दै सरकार गठनमा सहभागी हुने निर्णय गरेको छ । प्रदेशको तत्कालीन राजनीतिक परिस्थिति र प्रदेशसभाको अंकगणितलाई हेरेर निर्णय गर्नुपरेको दाबी दलका नेता थापाको छ।

थापाले प्रदेश संसदीय दलले गरेको निर्णय पार्टीकै हितमा हुने दाबी गरेका छन् । प्रदेशको राजनीतिक परिस्थितिमा भूमिका नलिए सरकार गठनमा आफ्नो पार्टीको भूमिका कमजोर हुने विश्लेषणका आधारमा समर्थन गर्ने निर्णय गरिएको उनको जिकिर छ। सरकारमा सहभागी हुने विषयमा एकतिहाइ मन्त्रालय लिनेबारे समेत सहमति भएको छ। मन्त्री बन्न इच्छुक सांसदहरूको दबाब र पार्टीको केन्द्रीय दबाबबीच आफूले निर्णय लिनुपर्ने अवस्था आएको थापाले बताएका छन् । बागमती प्रदेशसभामा राप्रपाका १२ सांसद छन् । एमालेका २५ र नेकपाका २६ सांसद जोड्दा ५१ पुग्छन् । ११० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५६ सांसद आवश्यक पर्ने भएकाले राप्रपाको समर्थन नयाँ सरकार गठनका लागि निर्णायक बनेको थियो ।

राप्रपाको अंकगणितका कारण एमालेबाट किरण थापा मगरले नेकपाका २६ र राप्रपाका १२ सांसदको समर्थनसहित प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीमा दाबी पेस गरेका छन् । मुख्यमन्त्रीमा दाबी पेस भएको केही समयमै राप्रपा केन्द्रले प्रदेश प्रमुखलाई पत्र पठाएर आफ्ना सांसदहरूको समर्थनलाई पार्टीको सहमति नरहेको बताएको छ । यसले बागमतीमा सरकार गठनको प्रक्रियासँगै राप्रपाको केन्द्र र प्रदेश संसदीय दलबीचको अधिकार क्षेत्रको विवादलाई पनि सतहमा ल्याएको छ । संघीयतालाई आत्मसात गर्न नसकेको राप्रपाको विवाद अदालत पुग्न सक्छ।प्रदेश प्रमुखले प्रदेश सभाका दल र सांसदहरुको समर्थन हेर्ने हो।संविधानले पनि त्यही भनेको छ । विवादमा परेको राप्रपालाई यो निर्णयले फेरि विवादमा तानेको छ । एजेन्डाको कारण राप्रपालाई प्रदेश सभा निल्नु न ओकल्नु भएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : शारीरिक झमेला | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्य नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीको सदस्यमा मनोनयन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ भदौं

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशका अध्यक्ष कृष्ण प्रसाद आचार्य नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेशको आमन्त्रित सदस्यमा मनोनयन भएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेशको २०८३ जेठ २४ गते बसेको दोस्रो कार्यकारिणी समिति बैठकले आचार्यलाई आमन्त्रित सदस्यमा मनोनयन गर्ने निर्णय गरेको हो । महासंघ गण्डकी प्रदेशका अध्यक्ष नरेश कँडेलले आचार्यलाई मनोनयन गरिएको जानकारी दिँदै महासंघलाई सशक्त रुपमा अघि बढाउने कार्यमा उनको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गरेका छन्। महासंघको सदस्यमा मनोनयन भएपछि आचार्यले पोखरालाई केन्द्रमा राखेर पर्यटन क्षेत्रको दिगो विकास, पर्यटन गतिविधिको विस्तार तथा पर्यटकीय पूर्वाधार र गन्तव्यको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि आफ्नो क्षेत्रबाट निरन्तर आवाज उठाउने बताएका छन्। पर्यटनको राजधानी पोखरामा नियमित अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालन हुनु पर्यटन क्षेत्रका लागि महत्वपूर्ण उपलब्धि हुने उनको भनाइ छ । पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट आगामी सेप्टेम्बर २३ देखि फ्लाई दुबईले उडान गर्ने तय भएको भन्दै उनले यसले पोखराको पर्यटनमा नयाँ सम्भावनाको ढोका खोल्ने बताए । "लामो समयदेखि पोखराबाट अन्तर्राष्ट्रिय उडानको माग गर्दै आएका थियौं ।

अब फ्लाई दुबईको उडान सुरु हुने भएपछि हामी उत्साहित छौं," आचार्यले भने, "दुबई हुँदै विश्वका करिब १४० गन्तव्यमा जोडिन सकिने भएकाले पोखराको पर्यटनमा यसको सकारात्मक प्रभाव पर्नेछ ।" पोखराबाट सिधा अन्तर्राष्ट्रिय उडान हुन थालेपछि गण्डकीका हिमाली तथा पदयात्रा गन्तव्यमा आउने पर्यटकले काठमाडौं हुँदै आउनुपर्ने बाध्यता हट्ने उनको विश्वास छ । काठमाडौंमा प्रवेश गरेर पोखराबाट बाहिरिने गरी ' फ्लाइट कनेक्टिभिटी' व्यवस्थापन गर्न सके पर्यटकको समय बचत हुनुका साथै पोखराका स्थानीय पर्यटन व्यवसायी र जनशक्तिले प्रत्यक्ष लाभ लिन सक्ने उनले बताए । आचार्यका अनुसार गण्डकी प्रदेश पर्यटनका लागि अत्यन्तै उर्वर क्षेत्र हो । मनाङ, मुस्ताङलगायतका हिमाली क्षेत्र, विभिन्न पदमार्ग, होमस्टे तथा सांस्कृतिक गतिविधिले विदेशी पर्यटकलाई आकर्षित गर्ने क्षमता राख्छन् । नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन भएमा आगामी वर्षदेखि पोखरामा विदेशी पर्यटकको आगमन अझ बढ्ने उनको अपेक्षा छ।

उनले पर्यटनलाई सिजनमा मात्र सीमित नराखी वर्षभर पर्यटकीय गन्तव्य चलायमान बनाउनुपर्नेमा जोड दिएका छन् । मनाङ, मुस्ताङलगायत उच्च हिमाली क्षेत्रमा वर्षायाममा समेत प्राकृतिक सौन्दर्य, फूल तथा सांस्कृतिक गतिविधि आकर्षक हुने भन्दै ती गन्तव्यलाई अन्तर ाष्ट्रिय बजारमा प्रभावकारी रुपमा 'ब्रान्डिङ' गर्नुपर्ने बताए।

"सिजनमा मात्र भर परेर पर्यटन व्यवसायी र श्रमिक दुवै धानिन सक्ने अवस्था हुँदैन । त्यसैले अन्तर्राष्ट्रिय उडानसँगै १२ महिना पर्यटक आउने वातावरण बनाउनुपर्छ," उनले भने । आचार्यले नेपाल पर्यटन बोर्डले पूर्वाधार निर्माणभन्दा पर्यटन प्रवर्द्धनमा बढी केन्द्रित हुनुपर्ने धारणा पनि राखेका छन्।

अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपालको प्रस्तुती अझ आकर्षक बनाउनुपर्ने, सामाजिक सञ्जालको प्रभावकारी प्रयोग गर्नुपर्ने तथा अन्तर्राष्ट्रिय र स्थानीय सञ्चारमाध्यममार्फत नेपाली पर्यटन उत्पादनलाई प्रभावकारी रुपमा प्रचार गर्नुपर्ने उनको सुझाव छ । उनका अनुसार नेपालका पर्यटकीय गन्तव्यबारे विदेशी पर्यटकमा चासो रहे पनि सुरक्षा, पूर्वाधार, उडान र उद्धारसँग सम्बन्धित नकारात्मक समाचारले नेपालको पर्यटनमा असर पारिरहेको छ। फेक रेस्क्यु लगायतका विकृति नियन्त्रणका लागि राज्यले गम्भीर भएर दोषीमाथि कारबाही गर्नुपर्ने उनले बताए। पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुनु गण्डकीको पर्यटन मात्र नभई स्थानीय अर्थतन्त्रका लागि समेत महत्वपूर्ण हुने आचार्यको भनाइ छ।

सिधै पोखरा आउने पर्यटकले स्थानीय ट्राभल, ट्रेकिङ, होटल तथा अन्य पर्यटन व्यवसायको सेवा प्रयोग गर्ने भएकाले यसको प्रत्यक्ष लाभ स्थानीय व्यवसायीले पाउने उनले बताए। "पोखरा अहिलेसम्म काठमाडौं हुँदै आउने पर्यटकको गन्तव्यका रुपमा सीमित भयो । अब सिधै पोखरा आउने अवस्था बन्नुपर्छ । नियमित उडान भयो भने आगामी सिजनदेखि पोखरामा पर्यटकको आगमन बढाउन हामीले अन्तर्राष्ट्रिय बजारमा थप प्रभावकारी प्रचार गर्न सक्छौं," आचार्यले भने।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI ४०१०००९४३ | सुशीला सुवेदी | खड्गभञ्ज्या ७ नुवाकोट |
| २ | GLI ६११०००४८३ | सुबेक्षा अधिकारी | पुतलीबजार-१३, स्याङ्जा |


# समयअगावै निर्माण सम्पन्न भयो सरकारी वकिलको कार्यालय

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ भदौं



मनाङमा सरकारी वकिलको कार्यालयले नयाँ भवनबाट सेवा सुरु गरेको छ।

नवनिर्मित भवनको सोमबार महान्यायाधिवक्ता डा नारायणदत्त कँडेलले उद्घाटन गर्नुभयो । भवन उद्घाटन गर्दै महान्यायाधिवक्ता कँडेलले सरकारी वकिलको मुख्य जिम्मेवारीअनुसार जिल्लामा सरकारका निकायलाई कानुनी रायसल्लाह दिनु तथा सरकारको पक्षमा मुद्दा सञ्चालन गर्नु रहेको बताउनुभयो। उहाँले संविधानले प्रत्यायोजन गरेको अधिकारअनुसार महान्यायाधिवक्ताले जिल्लास्तरमा सरकारी वकिललाई अधिकार प्रत्यायोजन गर्ने र सोहीअनुसार सरकारी वकिलले कार्यसम्पादन गर्दै आएको जानकारी दिनुभयो । जिल्ला समन्वय समिति मनाङका प्रमुख चिनबहादुर घलेले नयाँ भवन निर्माणपछि सदरमुकामस्थित सरकारी कार्यालयमा सेवा प्रवाह थप सहज हुने बताउनुभयो । उहाँले कतिपय सरकारी कार्यालयका आफ्नै भवन नभएको अवस्थामा सरकारी वकिलको कार्यालयका लागि सुविधासम्पन्न भवन निर्माण हुनु महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो। नायब महान्यायाधिवक्ता लोकराज पराजुलीले सरकारी वकिलको कार्यालय न्याय प्रणालीको अभिन्न अङ्ग भएको बताउनुभयो । मनाङ जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौड्यालले सेवा प्रवाहलाई सहज बनाउन सरकारी कार्यालयका भवन सेवाग्राहीमैत्री हुनुपर्ने बताउनुभयो । उहाँले कार्यालयमा आउने सेवाग्राहीको सुरक्षा र सहज पहुँच सुनिश्चित गर्न आवश्यक संरचना तथा प्रविधिको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । भवन निर्माणका लागि विसं २०८१ माघ ११ गते रु चार करोड ८३ लाख १६ हजार २९ मा सम्झौता भएको थियो। सम्झौताअनुसार १८ महिनामा निर्माण सम्पन्न गर्नुपर्ने भए पनि निर्माण कम्पनीले करिब चार महिनाअघि नै काम सम्पन्न गरी हस्तान्तरण गरेको हो।

# विपद्मा परेका पशुपन्छी व्यवसाय पुन:स्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ भदौं

बागलुङमा प्राकृतिक प्रकोप तथा महामारीजन्य रोगबाट क्षति बेहोरेका १२ पशुपन्छी व्यवसाय पुनःस्थापना गरिएको छ।

गत आर्थिक वर्षमा आएको बाढीपहिरो, पशुजन्य रोग तथा महामारीका कारण पूर्वाधार र पशुपन्छीमा भएको क्षतिको मूल्याङ्कन गरी भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङले प्रभावित किसानलाई राहत उपलब्ध गराएको हो। कार्यालयले बाढीपहिरोबाट क्षति पुगेका आठ वटा पशु गोठ पुनःनिर्माण, दुई वटा गाई र एउटा गोरु खरिद, १० वटा बाख्रा, पाँचवटा बङ्गुर तथा १२० वटा कुखुराका चल्ला खरिदका लागि सहयोग गरेको केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले जानकारी दिनुभयो । प्राकृतिक प्रकोपका कारण गोठ तथा पशुमा क्षति पुगेपछि निराश भएका किसानलाई पुनःव्यवसायमा फर्काउने उद्देश्यले राहत उपलब्ध गराइएको उहाँले बताउनुभयो । प्राकृतिक प्रकोप, महामारी तथा अन्य विपद्बाट पशुपन्छी व्यवसायमा भएको क्षतिको राहत तथा पुनःस्थापनाका लागि रु चार लाख ७४ हजार खर्च गरिएको केन्द्रले जनाएको छ। गत आवमा राहत वितरणका लागि रु १० लाख विनियोजन गरिए पनि क्षतिको विवरण तथा मूल्याङ्कनका आधारमा १२ व्यवसायीलाई राहत उपलब्ध गराइएको डा सापकोटाले बताउनुभयो । जिल्लाका विभिन्न स्थानमा पहिरोमा परी तीन वटा गाई र दुई वटा गोरु मरेको अवस्थामा पशुको मूल्याङ्कनका आधारमा नयाँ पशु खरिदका लागि राहत उपलब्ध गराइएको केन्द्रले जनाएको छ । विपद्का कारण पशुपन्छी व्यवसायमा भएको क्षति न्यूनीकरणसँगै प्रभावित व्यवसायीलाई पुनःव्यवसायमा फर्काउन राहत तथा पुनःस्थापनाका कार्यक्रमले किसानको मनोबल बढाउन सहयोग पुगेको केन्द्रले जनाएको छ।

# लोमान्थाङमा साहसिक घोडा दौड प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ३ भदौं

समुद्री सतहदेखि करिब चार हजार मिटरको उचाइमा रहेको उपल्लो मुस्ताङको लोमान्थाङमा मङ्गलबार साहसिक घोडा दौड प्रतियोगिता सम्पन्न भएको छ।

धार्मिक तथा सांस्कृतिक पर्व यार्तुङको अवसरमा आयोजित प्रतियोगितामा छोटो दूरीको कदम घोडा दौड र लामो दूरीको 'बास्का' घोडा दौड गरी दुई विधामा प्रतियोगिता सञ्चालन गरिएको हो । लोमान्थाङ गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना लोमान्थाङले संयुक्त रूपमा यार्तुङ पर्व आयोजना गरेका हुन् ।



कदम घोडा दौडतर्फ लोमान्थाङ गाउँपालिका-५ का ताम्दिछिमे गुरुङको 'क्याम्बा' नामको घोडा प्रथम भई च्याम्पियन बनेको छ । बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङका कान्छा गुरुङको घोडा दोस्रो र घरपझोङ गाउँपालिका-५ चिम्लेङका कर्म गुरुङको घोडा तेस्रो भएको छ।

टसी नाम्ग्याल गुरुङको घोडा दोस्रो र टेकबहादुर तामाङको घोडा तेस्रो भएको थियो । प्रतियोगितामा चार समूहका सात घोडाबीच प्रतिस्पर्धा गराइएको थियो। लोमान्थाङभित्रको बाटोमा आयोजना गरिएको प्रतियोगितामा मुस्ताङसँगै मनाङबाट समेत घोडा दौडमा सहभागी भएका थिए । मूल्याङ्कनका लागि लोमान्थाङ गाउँका स्थानीय प्रतिनिधिलाई निर्णायकका रूपमा खटाइएको थियो । कदम घोडा दौडका विजेताले नगद रु दुई लाख ५० हजार, दोस्रोले रु दुई लाख र तेस्रो हुनेले रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरेका छन् । यसैगरी, यार्तुङ पर्वका अवसरमा आयोजित लामो दूरीको 'बास्का' घोडा दौड प्रतियोगितामा कास्की घान्द्रुकका विवेक मगरको घोडा च्याम्पियन बनेको छ । उहाँको घोडाले यसअघि चराङ यार्तुङमा च्याम्पियनको उपाधि जितेको थियो । करिब तीन किलोमिटर दूरीमा भएको बास्का घोडा दौडमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ झारकोटका नाम्डुल गुरुङको घोडा दोस्रो र तेस्रो स्थानमा क्रमशः इज्वल सुनार र अनिल सुनारले हाँकेको घोडा परेको थियो । बास्का घोडा दौडका विजेताले रु एक लाख ५० हजार, दोस्रोले रु एक लाख र तेस्रो हुनेले रु ५० हजार पुरस्कार प्राप्त गरेका छन् । प्रतियोगिताका विजेतालाई मुस्ताङी सांस्कृतिक राजा जिग्मे सिङ्गे पलवर विष्टले नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो।


नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**

गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ बस्ने भारतीय भु.पु. सैनिक नं. १३७५५३१७ F १८ ज्याक राईफल नर बहादुर थापाको पारिवारिक विवरण प्रमाणित गरिपाउँ भनी निज स्वयंले यस कार्यालयमा निवेदन दिनुभएकोमा काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. १०६, मिति २०८३/०४/२५ को सिफारिस पत्रबाट निजको पारिवारिक विवरण तपसिल बमोजिम रहे को भनी सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**तपसिल**

| क्र.स. | ने.ना.प्र.प.मा. भएको नाम थर | भारतीय अभिलेखमा भएको नाम थर | नाता | जन्म ने.ना.प्र.प अनुसार (वि.सं. र ई.सं.) | जन्ममिति भारतीय अभिलेख अनुसार | वैवाहिक स्थिति | अपाङ्ग भए/नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | दल बहादुर कार्की | नर बहादुर थापा | पेन्सर | २०२१।०४।३० | १९७२।०२।१५ २०२८।११।०२ | २०४५।०४।०१ | |
| २ | गौ कुमारी कार्की | घत कुमारी | श्रीमती | २०२६।०२।०३ | १९७३।१०।०१ २०३०।०६।१५ | | अपाङ्गता नभएको |
| ३ | विष्णु बहादुर कार्की | विष्णु थापा | छोरा | २०४६।०१।१५ | १९९१।०३।१५ २०४७।१२।०१ | २०६८।११।१० | अपाङ्गता नभएको |
| ४ | शुभाष कार्की | भिम बहादुर थापा | छोरा | २०५०।०५।०९ | १९९३।०८।१६ २०५०।०४।३२ | २०८१।१०।२५ | अपाङ्गता नभएको |

प्रमुख जिल्ला अधिकारी

